# डिलासैनी गाउपालिकामा जलस्रोतको सम्वन्धमा व्यवस्था गर्न बनेको नियमावली, २०७५

**प्रमाणीकरण मितिः २०७५।१२।०३**

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।११।२७**

**प्रस्तावनाः** नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून वमोजिम जलस्रोत तथा जलाधार, भुसंरक्षण, मुहान संरक्षण, खानेपानी, लघुसिचाई, साना जलविद्युत, जलउपयोग एवं प्राकृतिक श्रोतहरुको उपयोग एवं व्यवस्थापन सम्वन्धमा डिलासैंनी गाउपालिका क्षेत्रभित्रको भु-सतहमा वा भूमीगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण, व्यवस्थापन र विकास गर्न, एवं जलस्रोतको लाभदायक उपभोग निर्धारण गर्न, त्यस्तो उपभोगबाट हुने वातावरणीय तथा अन्य हानीकारक प्रभावको रोकथाम गर्न एवं जलश्रोतलाई प्रदुषण मुक्त राख्न कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले डिलासैनी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले डिलासैनी गाउँपालिका जलस्रोत नियमावली, २०७५ जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम डिलासैनी गाउँपालिकाको जलस्रोत नियमावली, २०७५ रहेको छ ।

(२) यो नियमावली राजपत्रमा प्रकाशित भएपछि प्रारम्भ हुने छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) ‘‘जलस्रोत’’ भन्नाले डिलासैनी गाउँपालिका क्षेत्र भित्रको भु-सतहमा वा भुमिगत वा अन्य कुनै अवस्थामा रहेको पानी सम्झनु पर्दछ ।

(ख) ‘‘लाभदायिक उपयोग’’ भन्नाले साधन र श्रोतले भ्याएसम्म उचित रुपले गरिएको जलस्रोतको उपयोग सम्झनुपर्दछ ।

(ग) ‘‘अनुमति प्राप्त व्यक्ति’’ भन्नाले यस नियमावलीको दफा १५,१७ र २० बमोजिम अनुमति प्राप्त व्यक्ति वा सम्वन्धीत संस्था सम्झनुपर्दछ ।

(घ) ‘‘उपभोक्ता संस्था’’ भन्नाले दफा ४ बमोजिम गठित जल उपभोक्ता संस्था सम्झनुपर्दछ ।

(ङ) ‘‘गाउँपालिका जलश्रोत समिति’’ भन्नाले दफा ३० वमोजिम गठित समिति सम्झनुपर्दछ ।

(च) ‘‘अनुमतिपत्र’’ भन्नाले दफा १५,१७ र २० वमोजिम दिइने अनुमतिपत्र सम्झनुपर्दछ ।

(छ) ‘‘सर्भेक्षण’’ भन्नाले जलश्रोत उपभोगका लागि गरिने सम्भाव्यता अध्ययन, विस्तृत इन्जिनीयरिङ्ग डिजाइनको कार्य र त्यसका लागि गरिने अन्वेषणको कार्य समेत सम्झनुपर्दछ ।

डिलासैनी गाउँपालिका

(ज) ‘‘उपभोक्ता’’ भन्नाले जलस्रोतसंग सम्वन्धीत सेवा उपयोग गर्ने व्यक्ति सम्झनुपर्दछ ।

(झ) ‘‘सेवा शुल्क’’ भन्नाले नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिका वा अनुमतीपत्र प्राप्त गर्ने व्यक्तिले उपलब्ध गराएको जलस्रोतसंग सम्वन्धीत सेवा उपभोग गरेवापत उपभोक्ताले बुझाउनुपर्ने शुल्क सम्झनुपर्दछ ।

(ञ) ‘‘गाउँपालिका’’ भन्नाले डिलासैनी गाउँपालिका सम्झानुपर्दछ ।

(च) ‘‘गाउ कार्यपालिका’’ भन्नाले गाउँपालिकाको कार्यपालिका सम्झनुपर्दछ ।

(छ) ‘‘अध्यक्ष’’ भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

(ज) ‘‘उपाध्यक्ष’’ भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

(झ) ‘‘प्रमुख प्रशासकीय अधिकृत’’ भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

## परिच्छेद २

## जलस्रोत सम्वन्धी व्यवस्था

**३.जलस्रोत स्वामीत्वः** (१) डिलासैनी गाउँपालिका भित्र रहेको जलश्रोतको स्वामीत्व गाउँपालिकामा निहीत रहने छ ।

(२) प्रचलित संघीय, प्रदेश तथा गाउँपालिकाको कानून वमोजिम गाउँपालिकाको जलस्रोतको उपभोग तथा व्यवस्थापन गर्ने अधिकार गाउँपालिकामा रहनेछ ।

## परिच्छेद ३

## उपभोक्ता सम्वन्धी व्यवस्था

**४. जल उपभोक्ता संस्थाको गठनः** (१) सामुहीक लाभका लागि संस्थागत रुपमा जलस्रोतको उपभोग गर्न चाहने व्यक्तिहरुले जल उपभोक्ता संस्था गठन गर्न सक्नेछन ।

(२) उपनियम (१) बमोजिम  बमोजिम गठन गरिएको जल उपभोक्ता संस्थालाई गाउँपालिका जलश्रोत समिति समक्ष दर्ता गराउनुपर्नेछ

(३) उपनियम (२) वमोजिम जल उपभोग संस्था दर्ता गर्न देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) पदाधिकारी तथा सदस्य समेत गरी कम्तीमा सात जनाको उपभोक्ता सस्था गठन भएको,

(ख) संस्थाको विधान १ प्रति,

(ग) अनुसुची १ बमोजिमको निवेदन



डिलासैनी गाउँपालिका

(घ) आर्थिक ऐनमा तोकिए अनुसारको दस्तुर

**५. उपभोक्ता संस्थाको दर्ताका लागि दरखास्त दिनुपर्ने :** नियम ४ को (३) वमोजिम उपभोक्ता सस्था गठन गरी दर्ता गराउन चाहने सम्वन्धीत उपभोक्ताहरु मध्ये कम्तीमा ७ जना उपभोक्ताहरुले अनुसुची १ बमोजिमको ढाँचामा उपभोक्ता संस्थाको एक प्रति विधान र तोकिएको दस्तुर सहित गाउँपालिका जलस्रोत समिति समक्ष दरखास्त दिनुपर्नेछ ।

**६. विधानमा खुलाउनुपर्ने विवरणहरु :** नियम ४ वमोजिम पेश गर्नुपर्ने उपभोक्ताको विधानमा संस्था सम्वन्धी देहायका विवरणहरु खुलाउनुपर्नेछ ।

(क) पुरा नाम र ठेगाना,

(ख) उद्देश्य तथा कार्यक्षेत्र,

(ग) सदस्यको लागि योग्यता तथा सदस्यता शुल्क,

(घ) सदस्यको निष्काशन तथा राजीनामा,

(ङ) हकदावी, नामसारी वा हकवालाको मनोनयन,

(च) साधारण सभा सम्वन्धी व्यवस्था,

(छ) सञ्चालक समिति गठन, निर्वाचन, काम, कर्तव्य र अधिकार,

(ज) सञ्चालक पदमा बहाल रहन नसक्ने अवस्था,

(झ) संचालक समितिको बैठक सम्वन्धी कार्यविधी,

(ञ) कोष तथा लेखापरिक्षण

(ट) विधान संसोधन

(ठ) विघटन

(ड) विविध

**७. उपभोक्ता सस्था संगठीत हुने :** (१) उपभोक्ता सस्था अविछिन्न उत्तराधीकारवाला स्वशासित र संगठित सस्था हुनेछ ।

(२) उपभोक्ता सस्थाको सवै कामकारवाहीको निमित्त आफ्नो छुट्टै छाप हुनेछ ।

(३) उपभोक्ता सस्थाले व्यक्तिसरह नालीस उजुर गर्न र उपभोक्ता संस्था उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

(४) उपभोक्ता संस्थाले व्यक्तिसरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, वेच विखन गर्न वा अन्य किसिमको व्यवस्था गर्न सक्नेछ ।

**८. दर्ता र प्रमाणपत्र :** (१) नियम ५ वमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त देखेमा दर्ता गरी अनुसुची २ वमोजिमको ढाँचामा उपभोक्ता संस्था दर्ताको प्रमाणपत्र दिनुपर्नेछ ।

(२) उपनियम (१) वमोजिम कुनै उपभोक्ता संस्था दर्ता गर्न उपयुक्त नदेखेमा गाउँपालिका जलस्रोत समितिले सोको स्पष्ट कारण खोली दरखास्तवालालाई दरखास्त परेको पैतिस दिन भित्र सो कुराको सुचना दिनुपर्नेछ ।

(३) यो नियमावली प्रारम्भ हुनु अगावै प्रचलित कानुन वमोजिम दर्ता भएका उपभोक्ता संस्थाहरु इसै नियमावली वमोजिम दर्ता भएको मानिनेछन ।

**९. विधान संसोधन :** (१) उपभोक्ता संस्थाले आफ्नो विधान संसोधन गर्नुपर्ने भएमा विधानको प्रकृया पुरा गरी तयार गरिएको विधानको संसोधित मस्यौदा गाउँपालिका जलस्रोत समितिमा पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम विधान संसोधन सम्वन्धमा गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गरी विधानलाइ संसोधन गर्न स्वीकृति दिन सक्नेछ ।

## परिच्छेद ४

## जलस्रोतको उपभोग सम्वन्धी व्यवस्था

**१०. जलश्रोतको उपभोग :** (१) यस नियमावली बमोजिम अनुमतीपत्र प्राप्त नगरी कसैले पनि जलश्रोतको उपयोग गर्न पाउनेछैन ।

(२) उपनियम (१) मा जेसुकै लेखिको भएता पनि देहाय बमोजिम जलस्रोतको उपयोग गर्न अनुमती लिनुपर्ने छैन । यदि अनुमतिलिन चाहेमा पनि यस नियमले बाधा पुर्याएको मानिनेछैन ।

(क) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो निमित्त खानेपानी र अन्य घरेलु प्रयोगका लागि उपयोग गर्न

(ख) व्यक्तिगत वा सामुहिक रुपमा आफ्नो जग्गाको सिचाइ गर्न,

(ग) घरेलु उधोगको रुपमा पानी घट्ट वा पानी चक्की चलाउन,

(घ) व्यक्तिगत रुपमा स्थानिय आवागमनका लागि डुङ्गाको प्रयोग गर्न,

(ङ) जग्गाधनीले आफ्नो जग्गा भित्र मात्र सिमित रहेको जलस्रोत तोकिए वमोजिमको उपयोग गर्न,

(३) जलश्रोतको उपयोग गर्ने व्यक्ति वा संगठित सस्थाले अरुलाइ मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्नेछ ।

**११. जलस्रोतको प्रथामिकताक्रम :** (१) जलस्रोत उपभोग गर्दा साधारणतया देहाएको प्राथमिकताक्रम अनुसार गर्नुपर्नेछ ।

(क) खानेपानी तथा घरेलु उधोग,

(ख) सिचाइ,

(ग) पशुपालन तथा मत्स्यपालन जस्ता कृषिजन्य उधोग,

(घ) जलविधुत,

(ङ) घरेलु उधोग ओदयोगिक व्यवसाय तथा खानीजन्य उपभोग,

(च) जल यातायात,

(छ) आमोद प्रमोदजन्य उपयोग,

(ज) अन्य उपयोग ।

(२) जलस्रोतको उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा जलस्रोत उपयोग जाँचबुझ समितिले उपनियम (१) को प्राथमिकताक्रम, नियम १० को उपनियम (३०) बमोजिम जलस्रोतको लाभदायक उपभोग भए नभएको र अन्य जाँचबुझ समेत गरी सोको आधारमा सम्वन्धीत जलस्रोतको उपयोग गर्न पाउने नपाउने वा कुन किसिमले उपयोग गर्न पाउने भन्ने कुराको निर्धारण गर्नेछ ।

(३) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले निर्धारण गरेको कुरा सम्बन्धीत सबैलाइ मान्य हुनेछ ।

(४) उपनियम (२) बमोजिम जलस्रोत उपयोग जाँचबुझ समितिले सोही उपदफामा उल्लेखित कुराको निर्धारण गर्दा अपनाउनुपर्ने कार्यविधी नियम ४२ (३) मा तोकिए बमोजिम हुनेछ ।

**१२. अनुमतीपत्रको व्यवस्था :** (१) जलश्रोतको सर्भेक्षण वा उपयोग गर्न चाहने व्यक्ति वा संगठित सस्थाले सम्वन्धीत विषयको आर्थिक प्राविधीक  र वातावरणीय अध्ययन प्रतिवेदन तथा तोकिए बमोजिमको विवरण खुलाई गाउँपालिका जलस्रोत समिति समक्ष अनुमति पत्रको लागि दरखास्त दिनुपर्नेछ तर जलस्रोतको सर्भेक्षण र नियम १० को (२) बमोजिम उपयोगका लागि अनुमतिपत्रको लागि दरखास्त दिंदा त्यस्तो अध्ययन प्रतिवेदन संलग्न गर्न आवस्यक पर्नेछैन ।

(२) उपनियम (१) बमोजिम परेको दरखास्तमा गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गरी दरखास्त परेको मितिले जलस्रोत सर्भेक्षणको अनुमतिपत्रको हकमा तिस दिन भित्र र जलस्रोत उपयोगको अनुमतीपत्रको हकमा १२० दिन भित्र तोकिए बमोजिमको ढाँचामा आवश्यक सर्तहरु तोकि नियम ११ को उपनियम १ मा उल्लेखित प्राथमिकताक्रम अनुसार दरखास्तवालालाई अनुमति दिनुपर्नेछ ।

(३) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले जलश्रोतको उपभोग गरेवापत संघिय सरकार, प्रदेश सरकार र गाउँपालिकालाई तोकिए बमोजिमको दस्तुर वा वार्षिक शुल्क बुझाउनुपर्नेछ ।

(४) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले आफ्नो अनुमतिपत्र बिक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नुपरेमा गाँउपालिका जलस्रोत समितिबाट तोकिए बमोजिम स्वीकृति लिनुपर्नेछ ।

**१३. जलस्रोत उपयोगको सर्भेक्षण अनुमतिपत्रको लागि दरखास्त दिने :** (१) जलस्रोत उपयोगको सर्भेक्षण अनुमतिपत्र लिन चाहने व्यक्ति वा संगठित सस्थाले अनुसुची ३ बमोजिमको ढाँचामा प्रस्तावित

परियोजनासंग सम्वन्धित देहाएका विवरणहरु खुलाई गाउँपालिका जलस्रोत समिति समक्ष तिन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको विवरण,

(ख) परियोजना रहने स्थानको नक्सा (मुख्य मुख्य संरचाना देखिने गरी),

(ग) पानीको श्रोत र उपयोग हुने परिमाण,

(घ) परियोजनाबाट लाभ्वान्वित हुने घरधुरी,जनसंख्या र किसिम,

(ङ) सर्भेक्षण गरीने जलश्रोतको क्षेत्र

(च) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित लागत विवरण र कुल अवधी (सर्भेक्षण र सञ्चालनको लागि समेत),

(छ) मुहानक्षेत्रको चार किल्ला तथा अन्य आवस्यक कागजातहरु

(२) उपनियम (१) बमोजिम सर्भेक्षण अनुमतिपत्रको लागि दरखास्त दिदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसुची ८ मा उल्लेखित दस्तुरको पच्चीस प्रतिशतका दरले हुन आउने रकम सर्भेक्षण अनुमतिपत्र दस्तुर वापत बुझाउनुपर्नेछ ।

**१४. दरखास्त उपर जाँचबुझ :** (१) नियम १३ बमोजिम दरखास्त परेपछि नियमावली बमोजिम दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने आवस्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्बन्धमा गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१)बमोजिम जाँचबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात विवरण वा प्रतिवेदन पेश गरेको रहेनछ भने त्यस्तो कागजात विवरण वा माफिकको म्याद तोकी दरखास्त परेको १५(पन्ध्र) दिन भित्र सुचना दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलस्रोत समितिले म्याद तोकी सुचना दिएकोमा जुन मितिमा त्यस्तो कागजातप्राप्त हुन आउछ सोही मितिलाई नै नियमावलीको नियम १३ को उपनियम (२) को प्रायोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१५. सर्भेक्षण अनुमती पत्र दिने:** नियम १३ बमोजिम परेको दरखास्त उपर नियम १४ बमोजिम गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गरेपछि दरखास्तवालाको माग अनुसार वा आवस्यक भए संसोधन समेत गरी अनुसुची ४ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोगको सर्भेक्षण अनुमति दिनुपर्नेछ ।

**१६. सर्भेक्षण प्रतिवेदन पेश गर्नुपर्ने :** नियम १५ बमोजिम अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले सर्भेक्षणको काम सम्पन्न गरेको मितिले ३० दिन भित्र आफुले गरेको गरेको सर्भेक्षणको तिन प्रति प्रतिवेदन गाउँपालिका जलश्रोत समिति समक्ष पेश गर्नुपर्नेछ ।

**१७. जलश्रोत उपयोग अनुमती :** (१) जलस्रोतको उपयोग गर्न चाहने व्यक्ति वा संगठित संस्थाले अनुसुची ५ बमोजिमको ढाँचामा प्रस्तावित परियोजनासँग सम्बन्धित देहाएको विवरणहरु खुलाई गाउँपालिका जलश्रोत समिति समक्ष तिन प्रति दरखास्त फाराम दिनुपर्नेछ ।

(क) परियोजनाको बृस्तृत विवरण परियोजना स्थलको उपयोग गरिने पानीको स्रोत, परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित समय र  लागत परियोजनाको सहभागीहरुको नाम र तिनीहरुको संलग्नताको किसिम परियोजनामा अन्तिम स्वामित्व रहने व्यक्ति वा संगठित संस्था तथा त्यस्तो संस्थाको संचालकहरुको नाम थर वतन समेत स्पष्ट खुलाउनुपर्नेछ ।

(ख) सम्भाव्यताको विष्लेषण (परियोजनाको विस्तृत नक्सा सहितको प्राविधीक विवरण तथा आर्थिक विष्लेषण र उपभोक्ताहरुको) विवरण ।

(ग) वित्तीय व्यवस्था (परियोजनाको अनुमानित वित्तीय वयवस्था, परियोजनाका लगानीकर्ताहरुको आर्थिक हैसियत, परियोजनामा प्रत्यक्षरुपले सहभागी हुने वित्तीय सस्थाहरुको प्रतिवद्धता र लगानीकर्ताहरुको दायित्व तथा शेयर पुँजी र ऋणको प्रतिशत)

(घ) घर जग्गाको उपयोग वा प्राप्ति परियोजनाको निर्माण कार्यको लागि स्थायी वा अस्थायी तवरबाट उपयोग वा प्राप्तीको लागि चाहिने सरकारी वा गैर सरकारी जग्गाको कुल क्षेत्रफल र जग्गाधनीहरुको लगत)

(ङ) वातावरणीय प्रभाव बिश्लेषण (परियोजनाले वातावरणमा पार्ने उल्लेखनिय प्रतिकुल प्रभावलाई न्युन गर्न अपनाउने उपायहरु तथा जलस्रोतमा रहने जलचर एवं जल तातावरण संरक्षणको लागि अपनाउने उपायहरु, परियोजनासम्वन्धीत क्षेत्रमा पार्नसक्ने सामाजिक तथा आर्थिक प्रभावको अतिरिक्त विद्यमान स्थानीय श्रम तथा स्रोत  र साधनको उपयोग, परियोजना सम्वन्धी कार्य पुरा भएपछि त्यस क्षेत्रका व्यक्तिहरुले पाउने लाभ, निर्माण तथा संचालन सम्भार सम्वन्धमा स्थानिय जनतालाई दिइने तालिम निर्माण शिविरको लागि आवस्यक पर्ने सुविधाहरु, सुरक्षात्मक व्यवस्थाहरु तथा परियोजना संचालनबाट सम्वन्धीत जग्गा धनीहरुलाई पर्न सक्ने असर विस्थापित जनसंख्याको लागत र तिनीहरुको पुनर्वासको लागि अपनाउने आवस्यक व्यवस्था समेत स्पष्ट रुपमा खुलाउनुपर्छ) ।

(च) अन्य आवस्यक कुराहरु ।

(२) उपनियम(१) मा जुनसुकै लेखिएको भएता पनि नियम १०  को (२) बमोजिमको प्रायोजनका लागि उपनियम १ को (ग), (घ), (ङ) बमोजिमको विवरण पेश गर्न अनिवार्य हुनेछैन ।

**१८. दरखास्त उपर जाँचबुझः** (१) नियम १७ बमोजिम दरखास्त प्राप्त भएपछि निर्देशिका बमोजिम दरखास्तसाथ पेश गर्नुपर्ने आवस्यक कागजात विवरण वा प्रतिवेदन पेश गरे नगरेको सम्वन्धमा गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गर्नुपर्नेछ ।

(२) उपनियम (१( बमोजिम जाँजबुझ गर्दा दरखास्तवालाले दरखास्तसाथ पेश गर्नुपर्ने कुनै कागजात नपुगेमा गाउँपालिका जलश्रोत समितिले सम्वन्धीत दरखास्तवालालाई मनासिव माफिकको म्याद तोकी दरखास्त दर्ता भएको ३० (तिस) दिन भित्र सो कुराको जानकारी दिनुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम कुनै कागजात विवरण वा प्रतिवेदन पेश गर्न गाउँपालिका जलस्रोत समितिले म्याद तोकी सुचना दिएकोमा जुन मितिमा त्यस्तो कागजात आउँछ सोही मितिलाई नै नियमावलीको  उपनियम (२) प्रयोजनको लागि दरखास्त परेको मिति मानिनेछ ।

**१९. सार्वजनिक सुचना प्रकाशित गर्नुपर्ने :** (१) नियम १७ बमोजिम जलस्रोतको उपयोग अनुमतिपत्रको लागि दरखास्त परेपछि गाउँपालिका जलस्रोत समितिले नियम १८ बमोजिम आवश्यक जाचबुझ गरी तत्सम्वन्धी विवरणहरु खुलाई सार्वजनिक जानकारीका लागि सुचना प्रकाशित गर्नुपर्नेछ ।

(२) उपनियम १ बमोजिम सुचना प्रकाशित भएपछि जलस्रोतको उपयोगसंग  सम्वन्धीत परियोजनाको निर्माण तथा संचालन गर्दा कुनै उल्लेखनीय प्रतिकुल असर पर्ने भएमा तत्सम्वन्धी विवरण खुलाई सुचना प्रकाशित भएको ३५ (पैंतिस) दिनभित्र सम्न्धीत गाउँपालिका जलश्रोत समिति समक्ष जो सुकैले पनि जानकारी दिन सक्नेछ ।

(३) उपनियम (२) बमोजिम प्राप्त हुनआएको प्रतिक्रिया समेतलाई विचार गरी गाउँपालिका जलस्रोत समितिले त्यस्तो उल्लेखनिय प्रतिकुल असर न्युन गर्ने सम्वधमा सम्वन्धित दरखास्तवालाले पालना गर्नुपर्ने कुराहरु अनुमति पत्र दिदा तोकि दिनेछ ।

**२०. अनुमतिपत्र दिने:** नियम १७ बमोजिमको दरखास्त उपर नियम १९ बमोजिमको कार्यवीधी पुरा गरी गराइ गाउँपालिका जलस्रोत समितिले दरखास्तवालाको माग बमोजिम वा आवस्यक भए संसोधन समेत गरी अनुसुची ६ बमोजिमको ढाँचामा दरखास्तवालालाई जलस्रोत उपयोग सम्वन्धी अनुमतिपत्र दिनुपर्नेछ ।

**२१. सर्भेक्षणको अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थालाई परियोजना संचालन गर्न अनुमतिपत्र प्रदान गरिने:** (१) नियम १५ बमोजिम सर्भेक्षणको अनुमति प्राप्त ब्यक्ति वा संगठित संस्थाले आफुले गरेको सर्भेक्षण बमोजिम जलस्रोत उपयोग सम्वन्धी कार्य पनि गर्न चाहेमा सर्भेक्षण कार्य पुरा गर्नुपर्ने म्याद भित्रै नियम १७ बमोजिमका विवरणहरु खुलाई दरखास्त दिएमा यस नियमावलीको अन्य व्यवस्थाहरुको अधीनमा रही दरखास्तवालालाई प्राथमिकताकासाथ नियम २० बमोजिम जलस्रोत उपयोगको अनुमतिपत्र दिन सकिनेछ ।

**२२. जलस्रोत माथि अधिकार कायम हुने :** यस नियमावली बमोजिम जलस्रोतको उपयोग सम्वन्धी कार्य सञ्चालन गर्न अनुमतीपत्र प्राप्त व्यक्ति वा संगठित सस्थालाई अनुमतिपत्रमा उल्लेख भएबमोजिम कामको लागि सोही अनुमतिपत्रमा तोकिएको स्थान र क्षेत्र सम्म जलस्रोतको उपयोग गर्ने अधिकार प्राप्त हुनेछ ।

**२३. कार्य शुरु गर्ने अवधी :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित संस्थाले अनुमतिपत्रमा उल्लेखित कार्य अनुमतिपत्र प्राप्त गरेको मितिले सर्भेक्षणको हकमा तिन महिना भित्र र जलस्रोतको उपयोग सम्वन्धी कार्य संचालनको हकमा एक वर्ष भित्र भौतिक रुपमा निर्माण कार्य शुरु गरी सो को जानकारी सम्वन्धीत गाउँपालिका जलस्रोत समितिलाई दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम कार्य शुरु भएपछि प्रत्येक ६ महिनामा भएको कामको प्रगती  विवरण अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले सर्भेक्षण वा निर्माण कार्य सम्पन्न नभए सम्म गाउँपालिका जलस्रोत समिति समक्ष पठाउनु पर्नेछ ।

**२४. नयाँ अनुमतिपत्र लिनुपर्ने :** (१) नियमावली लागु हुनु अगावै देखि जलस्रोतको उपयोग गरिरहेको व्यक्ति वा संगठित सस्थाले पनि नियम १७ मा उल्लेखित विवरण खुलाई नियमावली प्रारम्भ भएको मितिले एक वर्ष भित्र गाउँपालिका जलस्रोत उपयोगको अनुमतिपत्रको लागि दरखास्त पेश गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम पर्न आएको दरखास्त उपर गाउँपालिका जलस्रोत समितिले आवस्यक जाँचबुझ गरी दरखास्तवालालाई अनुसुची ७ बमोजिमको ढाँचामा अनुमति दिनपर्नेछ ।

**२५. अनुमतिपत्र दस्तुरः** यो नियमावली बमोजिमको जलस्रोतको उपयोग सम्वन्धी कार्य संचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार र नभएमा अनुसुची ८ मा तोकिए बमोजिमको दस्तुर अनुमतिपत्र दरखास्तसाथ बुझाउनुपर्नेछ ।

**२६. अनुमतिपत्र नवीकरण गर्ने :** (१) यो नियमावली बमोजिम जलस्रोतको उपयोग सम्वन्धी कार्य संचालन गर्न अनुमतिपत्रको लागि दरखास्त दिदा दस्तुर लाग्नेछ ।

(२) प्रत्येक वर्ष अनुमतिपत्र नवीकरण गराउँदा आर्थिक ऐनमा उल्लेख भएमा सोही अनुसार नभएमा अनुसुची ८ मा तोकिए बमोजिमको दस्तुरको पचास प्रतिशत नवीकरण दस्तुर लाग्नेछ ।

**२७. अनुमतिपत्र विक्रि र हस्तान्तरण गर्न स्वीकृति लिनुपर्ने :** (१) अनुमतिपत्र प्राप्त गर्ने व्यक्ति वा संगठित सस्थाले आफ्नो अनुमतिपत्र बिक्रि गर्न वा अन्य कुनै प्रकारले हस्तान्तरण गर्नु परेमा सम्वन्धित गाउँपालिका जलस्रोत समिति समक्ष निवेदन दिनुपर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त भएको निवेदन उपर गाउँपालिका जलस्रोत समितिले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको नाउँमा रहेको अनुमतिपत्र अन्य व्यक्ति वा संगठित सस्थाको नाउमा बिक्रि वा अनइ कुनै प्रकारले हस्तान्तरण गर्न स्वीकृति दिन सक्नेछ ।

**२८. जलविद्युतको लागि जलस्रोतको उपयोग :** (१) नियम ११ मा जेसुकै लेखिएको भएता पनि एक मेगावाटभन्दा वढी क्षमताको जलबिद्युतको उत्पादन गर्नको लागि जलस्रोतको सर्भेक्षण तथा उपयोग गर्ने अनुमतिपत्रको सम्वन्धमा प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

(२) एक मेगावाटभन्दा बढी क्षमताको जलविद्युत उत्पादन गर्ने सिलसिलामा जलस्रोतको उपयोग सम्वन्धी अन्य व्यवस्था यस नियमावली बमोजिम हुनेछन ।

**२९. गाउँपालिकाले जलस्रोतको उपयोग तथा विकास गर्न सक्ने :** (१) गाउँपालिका आफैले कुनै जलस्रोतको उपयोग वा विकास गर्न एस नियमावलीको कुनै व्यवस्थाले बाधा पुचाएको मानिने छैन ।

(२) कसैले यो नियमावली बमोजिम उपयोग गरेको जलस्रोत र सो संग सम्वन्धीत जग्गा, उपकरण तथा संरचना व्यापक सार्वजनिक उपयोगका लागि गाउँपालिकाले आफुले लिई विकास गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम आफुले लिएको जलस्रोतको उपयोग गर्दा सम्बन्धित जग्गा भवन वा संरचना वापत गाउँपालिकाले सम्वन्धित व्यक्तिलाई तोकिए बमोजिम क्षतिपुर्ति दिनेछ ।

(४) उपनियम (३) बमोजिम दिइने क्षतिपुर्तिको रकम उपनियम (२) बमोजिम संघिय सरकार, प्रदेश सरकार, गाउँपालिकाले लिएको जग्गा भवन उपकरण तथा संरचनाको वर्तमान मुल्य त्यसमा भएको टुटफुट र साधारण प्रयोगबाट भएको ह्रास कटाई को आधारमा निर्धारित गरिनेछ ।

**३०. गाउँपालिका जलस्रोत समिति गठन :** (१) गाउँपालिका भित्र रहेको जलस्रोतको उपयोगका लागि नियमावलीको नियम ४ को उपनियम (१) बमोजिम अनुमतिपत्र प्रदान गर्न प्रयोजनको लागि गाउँपालिकामा देहाय बमोजिम गाउँपालिका जलस्रोत समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) वातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| (ग) गाउँपालिकामा संचालित विद्युत आयोजनाको प्रतिनिधी | सदस्य |
| (घ) सब डिभिजन/इलाका वन कार्यालयको प्रमुख | सदस्य |
| (ङ) कृषि शाखा प्रमुख | सदस्य |
| (च) पूर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (ज) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |
| (झ) गाउँपालिकाको सूचना अधिकारी वा तोकिएको सहायक स्तरको कर्मचारी | फोकलपर्सन |

**३१. गाउँपालिका जलस्रोत समितिको बैठक सम्वन्धी कार्यविधि :** (१) जलस्रोत समितिको बैठक अध्यक्षले तोकेको समय, मिति, र स्थानमा बस्नेछ ।

(२) बैठकको अध्यक्षता गाउँपालिका जलस्रोत समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा गाउँपालिका जलस्रोत समितिको सदस्यहरुले आफुमध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(३) गाउँपालिका जलस्रोत समितिको कुल सदस्य संख्याको पाचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) गाउँपालिका जलस्रोत समितिमा कुनै विषयमा छलफल भै मतदान हुँदा उपस्थित सदस्य संख्याको दुइ तिहाइ सदस्यहरुको मतलाई गाउँपालिका जलस्रोत समितिको निर्णय मानिनेछ ।

(५) गाउँपालिका जलस्रोत समितिको निर्णय गाउँपालिका जलस्रोत समितिको सचिवद्धारा प्रमाणित गरिनेछ ।

(६) गाउँपालिका जलस्रोत समितिको बैठक सम्वन्धी अन्य कार्यविधी गाउँपालिका जलस्रोत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**३१.गाउँपालिका जलस्रोत समितिको सचिवालय :** गाउँपालिका जलस्रोत समितिको सचिवालय गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा रहनेछ ।

**३३. जलश्रोत विकासको परियोजना हस्तान्तरण गर्न सक्ने :** (१) गाउँपालिकाले नियम ११ को उपनियम (१) र (२) बमोजिम विकास गरेको कुनै जलस्रोत सम्वन्धी परियोजनाको निर्माण समाप्त भइसकेपछि आवश्यक शर्तहरु तोकी हस्तान्तरण गरिने छ ।

(२) उपनियम (१) बमोजिम हस्तान्तरण गरिएको परियोजना उपरको स्वामित्व सम्विन्धीत उपभोक्ता सस्थाको हुनेछ र यस ऐनको अधिनमा रही आफुले अनुमति प्राप्त गरेसरह सो परियोजनाको सञ्चालन सम्वन्धित उपभोक्ता सस्थाले गर्नेछ ।

(३) उपनियम (२) बमोजिम जलस्रोत सम्वन्धित परियोजनाको दिगो संचालनका लागि उपभोक्ता संस्थाले अनिवार्य रुपमा मर्मतसम्भार कोष खडा गरी मर्मत सम्भार कार्यकर्ता परिचालन गरेको हुनुपर्नेछ ।

**३४. जलस्रोतको उपयोगका लागि करार गर्न सक्ने :** यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि गाउँपालिकाले कुनै स्वदेशी वा विदेशी कम्पनी संगठित सस्था, परियोजना वा व्यक्तिसित प्रचलित कानुनको अधिनमा रही करार गरी सोही करारमा उल्लेखित शर्तहरु बमोजिम जलस्रोतको उपयोग र सेवा विस्तार गर्न गराउन सक्नेछ ।

**३५. सेवा उपभोगका शर्त तोक्न र सेवा शुल्क असुल उपर गर्न पाउने :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले आफुले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोहि अनुसार र नभएमा अनुसुची ९ मा तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ ।

(२) गाउँपालिकाले विकास गरेको जलस्रोतको उपयोगको सेवा अन्य कसैलाई उपलब्ध गराए वापतको सेवा शुल्क आर्थिक ऐनमा उल्लेख भएमा सोहि अनुसार र नभएमा अनुसुची ९ मा तोकिए बमोजिम असुल उपर गर्न सक्नेछ ।

**३६. सेवा रोक्न सक्ने :** सेवा उपयोग गरेवापत बुझाउनु पर्ने शुल्क नबुझाउने वा त्यस्तो सेवा अनाधिकार रुपले उपयोग गर्ने वा सेवा दुरुपयोग गर्ने वा शर्त विपरित सेवा उपभोग गर्नेको हकमा त्यस्तो सेवा बन्द गर्न सकिनेछ ।

**३७. अरुको घरजग्गामा प्रवेश गर्न सक्ने :** गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले जलस्रोत सर्भेक्षण वा उपयोगको सिसिलामा कसैको घरजग्गामा प्रवेश गर्नु पर्ने भएमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले खटाएको कर्मचारीले सम्वन्धीत व्यक्तिलाइ पुर्व सुचना दिएर मात्र त्यस्तो घरजग्गामा प्रवेश गर्न सक्नेछ । त्यसरी प्रवेश गर्दा कुनै हानी नोक्सानी हुन गएमा गाउँपालिका वा अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थाले तोकिए बमोजिमको क्षतिपुर्ति दिनुपर्नेछ । तर कुनै घरजग्गामा जलस्रोतको अनाधिकृत उपयोग वा दुरुपयोगगरीरहेको शंका लागेमा मनासिव माफिकको कारण भएमा सो कुराको जाँचबुझ गर्न वा कुनै दुर्घटनाबाट बचाउन पुर्व सुचनाविना पनि त्यस्तो कर्मचारीले सम्वन्धित घरजग्गामा प्रवेश गर्न सक्नेछ ।

**३८.जलस्रोतको उपयोगसंग सम्वन्धित संरचनाको सुरक्षा :** (१) जलस्रोत उपयोगीतासंग सम्वन्धित कुनै संरचनाको सुरक्षाको लागि अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थाको अनुरोधमा वा स्वर्य व्यक्ति वा सस्थाले आवस्यक ठानेमा गाउँपालिकाले सुरक्षा प्रवन्ध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थाको अनुरोधमा सुरक्षा प्रवन्ध गरिएकोमा त्यसको लागि लाग्ने सम्पुर्या खर्च अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थाले व्यहोर्नेछ ।

**३९. जलश्रोत प्रदुषित गर्न नहुने :** (१) गाउँपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी जलस्रोतको प्रदुषण सहन सिमा बमोजिम ताकिएको जलस्रोतको प्रदुषण सहनसक्ने सिमा तोक्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको जलस्रोतको प्रदुषण सहन सिमा नाघ्ने गरी कसैलाई पनि कुनै किसिमको फोहोरमैला, ओद्योगीक निकास, विष, रसायनिक वा विषालु पदार्थ हाली वा प्रयोग गरी जलस्रोत दुषित गर्नुहुदैन ।

(३) जलस्रोत दुषित भए नभएको वा कुनै जलस्रोत उपयोगको सम्वन्धमा नियम ३९ को उपनियम (१) बमोजिम तोकिएको गुणस्तर भएन भएको सम्वन्धमा तोकिएको अधिकारीले आवश्यकता अनुसार पानी परिक्षण गर्न गराउन पाउनेछन ।

**४०. वातावरणमा उल्लेखनीय असर पार्न नहुने :** जलस्रोतको उपयोग गर्दा भु क्षय हुने बाढि पैहिरो वा यस्तै अरु कारणद्धारा वातावरणमा उल्लेखनिय प्रतिकुल असर नपर्ने गरी गर्नुपर्दछ ।

**४१. अनुमति खारेज गर्न सकिने :** (१) अनुमती प्राप्त व्यक्ति वा संगठित सस्थाले यो नियमावली वा नियमावली अन्तर्गत बनेका अन्य कार्यविधी, निर्देशिका विपरित कुनै क्रियाकलाप गरेमा तोकिएको अधिकारीले अवधी तोकी त्यस्तो काममा आवस्यक सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम तोकिएको अवधिभित्र अनुमति प्राप्त व्यक्ति वा संगठित संस्थाले अवस्यक सुधार नगरेमा तोकिएको अधिकारीले त्यस्तो व्यक्ति वा संगठीत संस्थाले पाएको अनुमतिपत्र खारेज गर्न सक्नेछ ।

(३) उपनियम (२) बमोजिम अनुमति खारेज गर्नु अघि तोकिएको अधिकारीले सम्वन्धीत अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थालाई मनासिव सफाई पेश गर्ने मौका दिनुपर्नेछ ।

(४) कुनै जलस्रोत प्रदुषित भए नभएको वा कुनै जलस्रोतको उपयोगको सम्वन्धमा ऐनको दफा ३९ उपनियम (१) बमोजिम गुयास्तर भए नभएको परिक्षण गर्ने गराउने अधिकार गाउँपालिका जलस्रोत समितिले तोकेको अधिकारीलाई हुनेछ ।

(५) उपनियम (१), (२) र (३) बमोजिम सजाय गर्ने अधिकार गाउँपालिका जलस्रोत समिति वा समितिले तोकेको अधिकारीलाई हुनेछ ।

## परिच्छेद : ४

## जलस्रोत उपयोगको विवाद सम्वन्धी जाँचबुझ

**४२. जलस्रोत उपयोग जाँचबुझ समिति :** (१) जलस्रोत उपयोग गर्दा कुनै विवाद उत्पन्न भएमा त्यस्तो विवाद समाधानको लागि देहाय बमोजिम एक जलस्रोत उपयोग तथा जाँचबुझ समिति रहनेछ :

(क) प्रतिनीधी बातावरण तथा बिपद व्यवस्थापन समिति — सदस्य

(ख) सम्वन्धीत वडा अध्यक्ष वा निजले तोकेको सदस्य — सदस्य

(ग) प्रतिनिधी योजना शाखा — सदस्य

(२) दुइ वा दुइ भन्दा बढी वडाहरु विच जलस्रोतको उपयोग सम्वन्धी विवाद उत्पन्न भएमा उपनियम (१) को (ख) बमोजिम विवादसंग सम्वन्धीत प्रत्येक वडा समितिको १।१ जना प्रतिनीधी रहनेछ ।

(३) उपनियम (१) बमोजिमको जलस्रोत उपयोग जाँचबुझ समितिले जलस्रोतको उपयोगमा उत्पन्न विवाद समाधान गर्दा छुट्टै कार्यविधि तर्जुमा नभएसम्म विवादको निरुपण गर्दा देहायको कार्यविधी अपनाउनेछ ।

(क) जलस्रोत उपयोगबाट लाभान्वित हुने स्थानीय व्यक्तिहरु बाहेक जलश्रोत उपयोगको प्राथमिकता निर्धारण वा जलस्रोत सम्वन्धी कुनै परियोजना संचालनबाट  स्थानीय व्यक्तिहरुलाई पर्नजाने मर्काको विषयमा विवाद उठेमा सम्बन्धित अनुमति प्राप्त व्यक्ति वा संगठित सस्था तथा स्थानिय व्यक्तिहरुलाई छुट्टा छुट्टै वा सामुहिक रुपमा आफ्नो दावी पुष्टयाई हुने तथ्यहरु उल्लेख गरी जानकारी पेश गर्न मनासिम माफिकको म्याद तोकी दिनुपर्नेछ ।

(ख) खण्ड (क) बमोजिम तोकिएको लिखित जानकारी प्राप्त भएपछि परियोजनास्थल समेतको स्थलगतअध्ययन गरी मुख्यतयाः देहायको विषयमा जानकारी लिनुपर्नेछ ।

(अ) परियोजनाको कुल खर्च

(आ) परियोजनाबाट हुने फाइलाको स्तर

(इ) आयोजना संचालन गर्दा सम्बन्धित जलस्रोत उपयोग गरिरहेका व्यक्ति वा समुहलाई पर्न सक्ने असर

(ई) परियोजनाबाट लाभान्वित हुनेउपभोक्ताहरुको संख्या

(उ) परियोजना संचालन गर्दा वातावरणमा पर्ने प्रभाव

(ऊ) स्थानिय जनताको आवश्यकता

(ए) परियोजनाबाट लाभान्वित हुने उपभोक्तहरुको प्रतिक्रिया

(ऐ) अन्य आवश्यक कुराहरु

(ग) खण्ड (ख) मा उल्लेख भएका विषयहरुमा जानकारी प्राप्त गरेपछि सोको आधारमा जलस्रोत लाभदायक उपयोग भए नभएको र सो जलस्रोत पाउने नपाउने कुराको निर्धारण गर्नुपर्ने हुन्छ ।

(घ) उपनियम ३ को खण्ड (ग) बमोजिम जलस्रोतको उपयोग सम्वन्धी कुराको निर्धारण गर्दा जलस्रोत उपयोग जाँचबुझ समितिले शर्तहरु समेत तोक्न सक्नेछ ।

## परिच्छेद ५

## सेवा शुल्क सम्वन्धी

**४३. बार्षिक शुल्क :** अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले जलस्रोत उपयोग गरी अन्य व्यक्तिहरुलाई व्यापारिक प्रयोजनको लागि सेवा उपलब्ध गराए वापत गाउँपालिका लाइ बुझाउनु पर्ने बार्षिक शुल्क अनुसुची ९ मा तोकिएको बमोजिम हुनेछ ।

**४४. सेवा शुल्क निर्धारण समिति :** (१) गाउँपालिका क्षेत्रभित्र जलस्रोत उपयोगको सेवा शुल्क निर्धारण वा पुनरावलोकन गर्न र निर्धारीत समयभित्र सेवा शुल्क नबुझाउने उपभोक्तालाई लगाइने अतिरिक्त शुल्कको दर निर्धारण गर्न देहाय बमोजिमको सेवा शुल्क निर्धारण समिति रहनेछ । समितिले निर्धारण गरेको शुल्क प्रत्येक आ.व.मा आर्थिक ऐनमा समावेश भई पारीत भएपछि मात्र लागु हुनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको कार्यपालिकाको सदस्य | अध्यक्ष |
| (ख) उपभोक्ता समिति मध्येबाट गाउँपालिकाले तोकेको व्यक्ति | सदस्य |
| (ग) गाउँपालिकाको राजस्व तथा आर्थिक प्रशासन शाखा हेर्ने कर्मचारी | सदस्य |

(२) सेवा शुल्क निर्धारण समितिको बैठक सम्वन्धी कार्यबिधी समिति स्वयंले निर्धारण गर्न सक्नेछ ।

(३) उपनियम (१) बमोजिम सेवा शुल्क निर्धारण समितिले सेवा शुल्क तोक्दा ह्रास कट्टी दर, उपयुक्त लाभ, संरचनाको प्रकृति, उपभोक्ता मुल्य शुचीको परिवर्तन जस्ता कुराहरुको आधारमा सेवा शुल्क निर्धारण गर्नेछ ।

**४५. सेवा शुल्क बुझाउनु पर्ने :** जलश्रोतको उपयोगबाट उपलब्ध सेवा उपभोग गर्ने उपभोक्ताहरुले सेवा उपयोग गरेवापत नियम ४४ को उपनियम (३) बमोजिम निर्धारित सेवा शुल्क बुझाउनु निजहरुको दायित्व हुनेछ ।

## परिच्छेद ६

## घरजग्गा प्राप्ती तथा क्षेतिपुर्ति सम्वन्धी व्यवस्था

**४६. निवेदन दिनुपर्ने :** वियमावलीको नियम १० को उपनियम (१) बमोजिम जलश्रोत उपयोगको लागि कसैको घरजग्गा उपभोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतीपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले गाउँपालिका समक्ष अनुसुची १० बमोजिम ढाचामा निवेदन पेश गर्नुपर्नेछ ।

**४७. परियोजना स्थल वरिपरिको जग्गा प्रयोग गर्न निषेध गर्न सक्ने :** (१) यस नियमावलीको नियम १० को उपनियम (३) को प्रयोजनको लागि गाउँपालिकाले जलस्रोतको उपयोग सम्वन्धी परियोजनाको किसिम, बनोट, क्षमता, खादि कुराहरुलाइ ध्यानमा राखि त्यस्तो परियोजना क्षेत्र भित्रका घर जग्गा कुनै खास कामको लागि अरु कसैले प्रयोग गर्न नपाउने गरी निश्चीत दुरी तोकी निषेध गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम निषेध गरिएको सुचना गाउँपालिकाले सर्वसाधारणको जानकारीका लागि प्रकाशित गरी सम्बन्धित परियोजना क्षेत्रको मुख्य मुख्य ठाउ, परियोजना कार्यालय, सम्वन्धित वडा कार्यालय वा गाउँपालिका लगायत अन्य सम्वन्धित कार्यालयहरुमा समेत टाँस गर्नुपर्नेछ ।

**४८. क्षतिपुर्ति दिइने :** (१) नियम ४६ बमोजिम घरजग्गा निषेध गरिएको कारणबाट सम्वन्धीत व्यक्तिलाई भएको हानी नोक्सानी वापत दिइने क्षतिपुर्तिको रकम नियम ४९ को उपनियम (१) बमोजिम गठित क्षतिपुर्ति निर्धारण समितिले निर्णय गरे वमोजिम हुनेछ ।

(२) घरजग्गाको प्रयोगमा थप बन्देज लगाउनुपर्ने अवस्था परेमा वाहेक उपनियम (१) बमोजिम दिइने क्षतिपुर्तिको रकम सम्वन्धित व्यक्तिलाई एकैपटक मात्र दिइनेछ ।

(३) माथि जेसुकै लेखिएको भएता पनि गाउँपालिका भित्र संगठित उपभोक्ता सस्था गठन गरी गाउँपालिका भित्रकै समुदायको सामुहिक लाभका लागि संचालित साना तथा मझौला खानेपानी योजनाहरुको हकमा जलस्रोत भएको जग्गाधनीलाई कुनै पनि क्षतिपुर्ति दिइने छैन ।

**४९. क्षतिपुर्ति निर्धारण समिति :** (१) नियमावलीको नियम ४८ को उपनियम (२) बमोजिम क्षतिपुर्तिको रकम निर्धारण गर्न देहाय बमोजिमको क्षतिपुर्ति निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिकाले तोकेको कार्यपालिका सदस्य | अध्यक्ष |
| (ख) जलश्रोत उपयोग परियोजनासंग सम्वन्धीत कार्यालयको कर्मचारी | सदस्य |
| (ग) गाउँपालिकाले तोकेको जलश्रोत विज्ञ | सदस्य |
| (घ) हानी नोक्सानी भएको सम्पत्तीको धनी वा निजको प्रतिनीधी | सदस्य |
| (ङ) मालपोत कार्यालयको प्रतिनीधी | सदस्य |
| (च) क्षति भएको वडाको वडाध्यक्ष वा निजले तोकेको प्रतिनीधी | सदस्य |

(२) उपनियम (१) बमोजिमको क्षतिपुर्ति निर्धारण समितिले क्षतिपुर्तिको रकम निर्धारण गर्दा प्रत्यक्षरुपमा हानीनोक्सानीको मुल्याङ्कन गरी निर्धारण गर्नुपर्नेछ ।

(३) क्षतिपुर्ति निर्धारण समितिको बैठक सम्वन्धी कार्यबिधी समितिआफैले निर्धारण गर्नसक्नेछ ।

## परिच्छेद ७

## विविध

**५०. सहयोग पुचाउनुपर्ने :** आफ्नो कार्यसम्पादनको सिलसिलामा गाउँपालिका जलश्रोत समितिले जलश्रोतसंग सम्वन्धित निकायबाट आवश्यकता अनुसारका तथ्याङ्कहरु माग गर्न सक्नेछ र माग भएका तथ्याङ्कहरु उपलब्ध गराउनु सम्बिन्धित निकायको कर्तव्य हुनेछ ।

**५१. दुर्घटनाको सुचना :** (१) अनुमतिपत्र प्राप्त व्यक्ति वा संगठित सस्थाले जलश्रोतको उपयोग सम्वन्धी कुनै काम गर्दा कुनै प्रकारले दुर्घटना वा नोक्सानी भएमा गाउँपालिका जलश्रोत समितिलाइ तुरुन्त सुचना दिर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सुचना प्राप्त भएपछि त्यस्तो दुर्घटनाको कारण पत्ता लगाउन गाउँपालिका जलश्रोत समितिले आवस्यक निरिक्षण गर्न गराउन सक्नेछ र प्राविधीक दृष्टिकोणबाट त्यस्तो दुर्घटना दोहरिन नदिन अपनाउनपर्ने सुरक्षात्मक व्यवस्था गर्न अनुमति प्राप्त व्यक्ति वा संगठित सस्थाको कर्तव्य हुनेछ ।

**५२. गाउँपालिकाले निर्देशन दिनसक्ने :** गाउँपालिकाले जलस्रोतको उपयोग सम्वन्धमा गाउँपालिका जलस्रोत समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ । यस्तो निर्देशनको पालना गर्नु गाउँपालिका जलस्रोत समितिको कर्तव्य हुनेछ ।

**५३. दण्ड सजाय :** (१) कसैले यो नियमावली वा यस अन्तरगत बनेका अन्य कार्यविधि वा निर्देशिकाको उल्लंघन गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ त्यस्तो कसुरबाट कसैको हानी नोक्सानी भएको रहेछ भने निजबाट तोकिएको अधिकारीले छानबिन गरी आवस्यक कानुनी उपचार खोज्न सक्नेछ ।

(२) कसैले यो नियमावली बमोजिम अनुमतिपत्र लिनुपर्नेमा सो नलिई वा अनुमतिपत्रमा उल्लेख भएका शर्तहरु पालना नगरी जलस्रोतको उपयोग गरेमा निजलाई तोकिएको अधिकारीले पाँच हजार सम्म जरिवाना र त्यस्तो काम बन्द गराउन सक्नेछ ।

(३) यस नियमावली बमोजिम विकास गरिएको जलस्रोत वा त्यस्तो जलस्रोतबाट उत्पन्न सेवा कसैले चोरी गरेमा वा दुरुपयोग गरेमा वा अनाधिकार प्रयोग गरेमा तोकिएको अधिकारीले निजबाट बिगो असुल गरी निजलाई विगो बमोजिमको जरिवाना सकेत गर्न सक्नेछ ।

(४) कसैले बदनियतसाथ कुनै खानेपानीको मुहाँन, बाँध, नहर वा जलश्रोतको उपयोगसंग सम्वन्धित कुनै संरचना भत्काएमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुचाएमा वा त्यस्तो कुनै काम कुराको दुरुत्साहन दिएमा निजबाट हानी नोक्सानीको बिगो असुल गरी निजलाई प्रचलित ऐन कानुन बमोजिम सार्वजनिक अपराध बमोजिमको जरीवाना कैद वा दुबै सजाय हुन सक्न्छे ।

**५४. पुनरावेदन :** नियम ५३ बमोजिम दिएको क्षतिपुर्तिको रकममा वा नियम ४१ ब्मोजिम तोकिएको अधिकारीले अनुमतिपत्र खारेज गरेमा वा नियम ५३ को उपनियम (१), वा (३) बमोजिम तोकिएको

अधिकारीले दिएको सजायको आदेशमा चित्त नबुझे पैंतिस दिन भित्र पुनरावेदन अदालतमा पुनारावेदन दिन सक्नेछ ।

**५५. अनुसुचीमा थपघट वा हेरफेर गर्न सक्ने :** गाउँपालिकाले राजपत्रमा सुचना प्रकाशित गरी यस नियमावलीको अनुसुचीमा आवश्यकता अनुसार हेफेर वा थपघट गर्नसक्नेछ ।

**५६. अरुको घर जग्गाको उपयोग वा प्राप्ति :** (१) जलश्रोतको उपयोगको लागि देहायको कुनै काम गर्न अरु कसैको घर जग्गाको उपयोग गर्न वा प्राप्त गर्न आवश्यक परेमा अनुमतिप्राप्त व्यक्ति वा संगठित सस्थाले गाउँपालिका समक्ष तोकिए बमोजिम निवेदन दिन सक्नेछ ।

(क) बाँध वा तटबन्धन बाँध्न ।

(ख) नहर कुलो वा सुरुङ खन्न ।

(ग) जमिन मुनी वा माथि पानी टयाँङ्की बनाउन वा पाइपलाइन बिछयाउन ।

(घ) पानी पोखरी बनाउन वा जल वितरण केन्द्र स्थापना गर्न ।

(ङ) जलस्रोतको विकाससंग सम्वन्धित अरु आवश्यक निर्माण कार्य गर्न ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी प्रचलित कानुन बमोजिम संगठित संस्थालाई सरह अनुतिप्राप्त व्यक्तिलाई त्यस्तो घरजग्गा प्राप्त गराई दिन सक्नेछ ।

**५७. कार्यविधी वा निर्देशिका बनाउन सकिने :** नियमावलीको प्रभावकारी कार्यान्वयनका लागि देहाय बमोजिमका क्षेत्रमा कार्यविधि तथा निर्देशिका बनाइ लागु गर्न सकिनेछ ।

(क) खानेपानी, सिचाई, जल यातायात, औद्योगिक उपयोग, आमोद प्रमोद सम्वन्धी उपयोग र जलस्रोतको यस्तै अन्य उपयोग,

(ख) जलश्रोत संरक्षण, बाढी नियन्त्रण, पहिरो नियन्त्रण

(ग) वातावरण संरक्षण

(घ) जलस्रोत उपयोग गरेवापत गाउँपालिकालाई बुझाउनु पर्ने शुल्क र दस्तुर सम्वन्धी,

(ङ) जलस्रोत उपयोगका विभिन्न तरीकाहरु

(च) जलस्रोतको प्रदुषण रोक्ने विभिन्न उपायहरु

(छ) जलस्रोत उपयोग सम्वन्धी सेवाको स्तर निर्धारण

(ज) उपभोक्ता समिति, संस्था, र उपभोक्ता सम्वन्धी अन्य व्यवस्थाको साथै उपभोक्ताको हित संरक्षण र सुविधा दिने विषयहरु

(झ) जलस्रोतको विकास तथा उपयोग सक्वन्धी अन्य कुराहरु

**५८. खारेजी तथा बचाउ :** यो नियमावलीका कुनै नियम उपनियम वा खण्ड प्रचलित संघीय तथा प्रदेशिक कानुनसंग बाझिएको खण्डमा स्वतः खारेज हुनेछन भने नियमावली प्रारम्भ हुनुभन्दा अघिका कानुन बमोजिम गरिएका कामकार्यवाही यसै नियमावली अनुसार भएको मानिनेछ ।

डिलासैनी गाउँपालिका

अनुसुची -१

(नियम ५ संग सम्वन्धित)

निवेदन पत्रको ढाँचा

**श्री अध्यक्षज्यू**

**गाउँ कार्यपालिकाको कार्यालय,**

**डिलासैनी गाउँपालिका**

**सुदूरपश्चिम प्रदेश, नेपाल ।**

**महोदय,**

**हामीले ...................................................... उपभोक्ता समिति गठन गरी दर्ता गराउन चाहेकोले देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता समितिको एक प्रति विधान र दर्ता दस्तूर रु. ............. सहित उपभोक्ता समितिलाई नियमानुसार दर्ता गरिदिनुहुनको लागि यो दरखास्त दिएका छौं ।**

**विवरणः**

१. **उपभोक्ता समितिको नामः**

२. **कार्य क्षेत्रः**

३. **उद्देश्यहरुः**

**क.**

**ख.**

**ग.**

| **४. सदस्यहरुको नाम** | **ठेगाना** | **पेशा** |
|---|---|---|
| **क.** | | |
| **ख.** | | |
| **ग.** | | |
| **घ.** | | |
| **ङ.** | | |
| **च.** | | |
| **छ.** | | |

**५. उपयोग गरिने जलस्रोतको विवरणः**

डिलासैनी गाउँपालिका

**क. जलस्रोतका नाम र रहेको ठाउः**

**ख. जलस्रोतबाट गरिने प्रयोगः**

**ग. उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः**

**घ. उक्त जलस्रोतको हाल भैरहेको उपयोगः**

६. **उपभोक्ता समितिले पुऱ्याउन चाहेको सेवा सम्बन्धी विवरणः**

**क. सेवाको किसिमः**

**ख. सेवा पुऱ्याउने क्षेत्रः**

**ग. सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः**

**घ. भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः**

७. **आर्थिक श्रोतको विवरणः**

८. **कार्यालयको ठेगानाः**

**निवेदक,**

**उपभोक्ता समितिको तर्फबाट दरखास्त दिनेको**

**सही :**

**नाम :**

**पद :**

**ठेगाना :**

**मिति :**

डिलासैनी गाउँपालिका

अनुसुची २

(नियम ८ को उपनियम १ संग सम्वन्धित)

डिलासैनी गाउँपालिका

डिलासैनी, बैतडी

दर्ता मिति : २०७५।१२।०८ मितिः २०७५।१२।०८

दर्ता नं. : ०१

**उपभोक्ता संस्था दर्ता प्रमाण पत्र**

श्री.........................................................................................।

...............................(सम्वन्धित उपभोक्ता संस्थाको नाम) ..................................लाई डिलासैनी गाउँपालिकाको जलस्रोत नियमावली २०७५ को दफा ८ को उपदफा (१) बमोजिम .............................. साल ...........................महिना.................गते डिलासैनी गाउँपालिका को जलस्रोत नियमावली २०७५ बमोजिम आफ्नो कार्य संचालन गर्ने गराउने गरी देहाय बमोजिमको उपयोगका लागि यस कार्यालयमा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएको छ ।

१. उपयोग गरिने जलस्रोतको विवरणः
    क. जलस्रोतका नाम र रहेको ठाउः
    ख. जलस्रोतबाट गरिने प्रयोगः
    ग. उपभोक्ता समितिले उपयोग गर्न चाहेको जलस्रोतको परिमाणः
    घ. उक्त जलस्रोतको हाल भैरहेको उपयोगः
२. उपभोक्ता समितिले पुर्‍याउन चाहेको सेवा सम्बन्धी विवरणः
    क. सेवाको किसिमः
    ख. सेवा पुर्‍याउने क्षेत्रः
    ग. सेवाबाट लाभान्वित हुने उपभोक्ताहरुको संख्याः
    घ. भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः
३. आर्थिक श्रोतको विवरणः
४. कार्यालयको ठेगानाः

सहि
नाम थर :
पद

डिलासैनी गाउँपालिका

अनुसुची ३

(नियम १३ को उपनियम (१) संग सम्वन्धित)

**जलस्रोत उपयोगको सर्भेक्षण अनुमति पत्रको लागि दरखास्त**

मिति : ......................

श्रीमान अध्यक्ष ज्यु

डिलासैनी गाउंपालिका जलस्रोत समिति बैतडी ।

जलस्रोत उपयोगको निमित्त सर्भेक्षण गर्नको लागि अनुमतिपत्र पाउन डिलासैनी गाउपालिकाको जलस्रोत नियमावली, २०७५ को उपनियम १३ बमोजिम देहायको विवरण खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित सस्थाको नाम र ठेगाना :
२. उदेश्य :
३. सर्भेक्षण गर्ने क्षेत्र :
४. सर्भेक्षण गर्न लाग्ने अनुमानित लागत रु. (पुष्टयाइ विवरण संलग्न गर्नुपर्नेछ)
५. सर्भेक्षण गर्ने अवधी :
६. अन्य विवरणहरु : (डिलासैनी गाउपालिका जलश्रोत नियमावली, २०७५ को नियम बमोजिम) माथि उल्लेखित व्यहोरा ठिक साचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

संगठित सस्था भएमा सस्थाको छाप
सम्वन्धित व्यक्ति वा संगठित सस्थाको तर्फबाट
दरखास्त दिनेको
नाम, थर :
सही :
पद :
ठेगाना :

डिलासैनी गाउँपालिका

अनुसुची ४ (नियम १५ संग सम्वन्धित)

डिलासैनी गाउपालिका जलस्रोत समिति डिलासैनी, बैतडी

**जलस्रोत उपयोगको सर्भेक्षण अनुमतिपत्र**

अनुमतिपत्र संख्या : मिति : ..................

श्री.................................................................

.....................................................................

महासय,

तपाईलाई जलस्रोतको उपयोग सर्भेक्षण गर्न पाउने गरी देहायको विवरण खोली डिलासैनी गाउंपालिकाको जलस्रोत नियमावली, २०७५ को नियम १५ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित सस्थाको पुरा ठेगाना :

२. जलस्रोत सर्भेक्षणको उदेश्य :

३. जलस्रोत सर्भेक्षणको क्षेत्र :

४. सर्भेक्षण गर्ने अवधी :

५. अनुमतिपत्र बहाल रहने अवधी :

अनुमतिपत्र दिने अधिकारीको
नाम :

सहि :

पद :

डिलासैनी गाउँपालिका

अनुसुची ५

(नियम १७ संग सम्वन्धित)

**जलस्रोत उपयोग अनुमतिपत्रको लागि दरखास्त**

मिति :

श्री अध्यक्ष ज्यु

डिलासैनी गाउपालिका जलश्रोत समिति डिलासैनी, बैतडी ।

जलश्रोत उपयोगको अनुमति पाउन जलश्रोत नियमावली, २०७५, को नियम १७ बमोजिम देहायका विवरणहरु खुलाई यो दरखास्त पेश गरेको छु ।

१. व्यक्ति वा संगठित सस्थाको नाम र ठेगाना :

२. उदेश्य :

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण र उपयोग गर्ने प्रयोजन :

४. प्रस्तावित जलश्रोतको मुहान रहेको (चार किल्ला) र उपयोग गर्ने ठाउ :

५. जलश्रोतत उपयोगबाट लाभ पुग्ने ठाउको क्षेत्रफल :

६. प्रस्तावित उपयोगबाट हुनसक्ने सम्भावित लाभ :

७. प्रस्तावित योजनाबाट लाभान्वित हुनसक्ने उपभोक्ता संख्या :

८. जलश्रोत उपयोगका लागि लाग्ने अनुमानित रकम र सो को श्रोत :

९. जलस्रोत उपयोग गर्ने तरिका :

१०. जलस्रोतको हाल भएको उपयोग र भविश्यमा हुनसक्ने उपयोग :

११. अन्य विवरण : माथि उल्लेखित व्यहोरा ठिक साचो हो झुट्टा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

संगठित सस्था भएमा सस्थाको छाप

सम्वन्धित व्यक्ति वा संगठित सस्थाको तर्फबाट

दरखास्त दिनेको नाम, थर :

सही :

पद :

ठेगाना :

अनुसुची ६

(नियम २० संग सम्वन्धित)

डिलासैनी गाउपालिका जलस्रोत समिति डिलासैनी,

**बैतडी जलस्रोत उपयोगको अनुमतिपत्र अनुमतिपत्र**

संख्या : मिति : ..................

श्री..................................................................

....................................................................

महासय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली डिलासैनी गाउंपालिकाको जलस्रोत नियमावली, २०७५ को नियम २० बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित सस्थाको नाम र ठेगाना :

२. जलउपयोगको उदेश्य :

३. उपयोग गर्न खोजेको जलस्रोतको परिमाण :

४. प्रस्तावित जलश्रोतको मुहान रहेको (चार किल्ला) :

५. जलश्रोत उपयोगको क्षेत्र :

६. जलस्रोत उपयोग गर्ने तरिका :

७. प्रस्तावित योजनाबाट लाभान्वित हुनसक्ने उपभोक्ता संख्या :

८. अनुमतिपत्र बहाल रहने अवधि :

अनुमतिपत्र दिने अधिकारीको

नाम :

सहि :

पद :

डिलासैनी गाँउपालिका

अनुसुची ७

(नियम २४ को उपनियम (२) संग सम्वन्धित)

डिलासैनी गाउपालिका जलस्रोत समिति डिलासैनी,

**बैतडी जलस्रोत उपयोगको  अनुमतिपत्र**

अनुमतिपत्र संख्या : मिति : ..................

श्री................................................................

....................................................................

महासय,

तपाईलाई जलस्रोतको उपयोग गर्न पाउने गरी देहायको विवरण खोली डिलासैनी गाउंपालिकाको जलस्रोत नियमावली, २०७५ को नियम २४ बमोजिम यो अनुमतिपत्र प्रदान गरिएकोछ ।

१. व्यक्ति वा संगठित सस्थाको नाम र ठेगाना :

२. जलस्रोत उपयोगसंग सम्वन्धित परियोजनाको नाम र किसिम : (प्रत्येक उपयोगसंग सम्वन्धित)

३. जलस्रोतको नाम र रहेको स्थान :

४. जलश्रोतको उपयोग भएको स्थान :

५. जलस्रोतको उपयोग भएको परिमाण :

प्रदेश...............................जिल्ला..................................गाउपालिका................................

६. उपभोक्ता संख्या र त्यसको किसिम :

७. सेवा उपलब्ध गराउन शुरु गरेको मिति :

८. अनुमतिपत्र बहाल रहने अवधि :

९. अन्य शर्तहरु

अनुमतिपत्र दिने अधिकारीको

नाम :

सहि :

पद :

डिलासैनी गाउँपालिका

अनुसुची ८

(नियम १३ को उपनियम (२) नियम २५ र २६ को उपदफा (२) संग सम्वन्धित)

## अनुमतिपत्र दस्तुर

| जलस्रोतको उपयोगको किसिम | दस्तुर |
| --- | --- |
| क. खानेपानी र घरेलु उपयोग | रु. १०० |
| ख. सिचाइ | रु. २०० |
| ग. पशुपालन तथा मत्स्यपालन जस्ता कृषि जन्य उद्योग | रु. १०० |
| घ. घरेलु उद्योग, औद्योगिक व्यवस्याय तथा खानीजन्य उपयोग | रु. २०० |
| ङ. जल यातायात | रु. ५०० |
| च. आमोद प्रमोदजन्य उपयोग | रु. ५०० |
| छ. अन्य उपयोग | रु. ५०० |

डिलासैनी गाँउपालिका

अनुसुची ९

(नियम ३५ (२) संग सम्बन्धित)

## जलश्रोत उपयोग वापत बुझाउनुपर्ने बार्षिक शुल्क

१. सिचाइको हकमा

क. दुइहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न प्रतिहेक्टर रु. का दरले अधिकतम रु १०००

ख. दुइहजार देखि पाचहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न रु २०००

ग. पाचहजार देखि दशहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न रु ५०००

घ. दशहजार देखि पन्ध्रहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न रु १००००

ङ. पन्ध्रहजार देखि बिसहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न रु १५०००

च. बिसहजार देखि पच्चीसहजार हेक्टरसम्मको जमिन सिचाइ गर्न रु २००००

छ. पच्चीसहजार हेक्टरभन्दा माथिको जमीन सिचाइ गर्न रु. २५०००

२. खानेपानीको हकमा

क. दुइहजार सम्मको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु ५००

ख. दुइहजार देखि पाचहजार जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु २०००

ग. पाचहजार देखि दशहजार जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु ५०००

घ. दशहजार देखि पन्ध्रहजार जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु १००००

हिलासैनी गाउँपालिका

ङ. पन्ध्रहजार देखि बिसहजार जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु १५००० 

च. बिसहजार देखि पच्चीसहजार जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु २०००० 

छ. पच्चीसहजार माथिको जनसंख्यालाई खानेपानी व्यवस्थापन गर्न रु. २५००० 

३. कृषि जन्य उपयोगका लागि रु.२००० देखि रु. २०००० पानी प्रयोगको परिमाणको आधारमा ।

४. घरेलु उद्योगको लागि रु.२००० देखि रु. २०००० पानी प्रयोगको परिमाणको आधारमा ।

५. घरेलु उद्योग, औद्योगिक व्यवस्याय तथा खानीजन्य उपयोगको लागि रु.५००० देखि रु. ५०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

६. आमोद प्रमोदजन्य प्रयोगका लागि रु. १००० देखि रु. १०००० सम्म पानी प्रयोगको परिमाणको आधारमा ।

७. अन्य प्रयोगका लागि रु. ५००० देखि १०००० सम्म बार्षिक कारोबारका आधारमा ।

डिलासैनी गाँउपालिका

अनुसुची १०

(नियम ४५ संग सम्वन्धित)

**जग्गा उपभोग वा प्राप्तिका लागि दरखास्त**

श्री अध्यक्ष ज्यु

डिलासैनी गाउपालिका जलश्रोत समिति डिलासैनी, बैतडी ।

जलश्रोत उपयोगको सिलसिलामा निर्माण कार्य शुरु गर्नको लागि तपशिलमा उल्लेखित घरजग्गा उपयोग गर्नुपर्ने वा प्राप्त गर्नुपर्ने भएकोले जलश्रोत नियमावली, २०७५, को नियम ४५ बमोजिम नियमानुसार उपयोग गर्न पाउने गरी वा प्राप्त गराइ पाउन यो दरखास्त पेश गरेको छु ।

तपशिल

१. आवश्यक जग्गाको चार किल्ला खुल्ने विवरण:

२. जग्गाको स्वामित्व खुल्ने कागजात वा सम्वन्धित वडा कार्यालयको सिफारिस :

३. जग्गाको उपयोग प्रयोजन खुल्ने कागजात:

संगठित सस्था भएमा सस्थाको छाप

सम्वन्धित व्यक्ति वा संगठित सस्थाको तर्फबाट

दरखास्त दिनेको

नाम, थर :

सही :

पद :

ठेगाना :

डिलासैनी गाँउपालिका